aglasem.com

FOR CBSE CLASS 12 PREPARATION

CBSE Class 12 Sample Paper 2027 for Nepali

EXAM	YEAR	TYPE	SUBJECT
CBSE Class 12	2027	Sample Paper	Nepali

Sample Question Paper – 2026-2027
विषय नेपाली (CODE – 124)
कक्षा – (XII)

Time – 3 Hrs. Full Marks – 80

General Instruction –
- Read the questions carefully before writing the answer.
- There are two parts in this questions. Part 1 and Part 2.
- MCQs are given in Part 1
- Descriptive questions are given in Part 2.

प्रश्न सं.	भाग – एक वस्तुपरक प्रश्नहरू (छन्द र अलङ्कार)	अंक
1.	**निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस् ।**	12x1=12
i	अलङ्कारको सामान्य …….. आभूषण वा गहना हो। A. अङ्ग। B. अङ्क। C. अर्थ। D. अङ्ड।	
ii	शब्दमा मात्र आश्रित अलङ्कारलाई के भनिन्छ ? A. वर्ण अलङ्कार। B. अर्थ अलङ्कार। C. उभय अलङ्कार। D. शब्द अलङ्कार।	
iii	भाषामा अलङ्कारले ……. शोभा बढ़ाउँछ। A. मानिसको। B. नारीको। C. काव्यको। D. सुनको।	
iv	उपमान, उपमेय, साधारण धर्म र उपमावाचक शब्द- यी चार अङ्ग हुने अलङ्कार कुन हो ? A. उपमा अलङ्कार। B. अनुप्रास अलङ्कार। C. उभय अलङ्कार। D. शब्द अलङ्कार ।	
v	कुन अलङ्कारमा एउटै शब्दमा अनेक अर्थ लुकेको हुन्छ ? A. उपमा। B. उपमान। C. श्लेष। D. अतिशयोक्ति।	

vi	तलको कुन वाक्यमा अतिशयोक्ति अलङ्कार प्रयोग भएको छ? A. चन्द्रमालाई चन्द्रमा हेर्छिन् कौसी र आकाश। B. कमल झैँ कोमल मुख। C. श्रीरामका चरणमका भरमा नपर्नु? D. भाइको गाला गुलाब जस्तो रातो छ।	
vii	मात्रा वा वर्णको गन्ती गरेर यति, गति, लय मिलाएर रचेको काव्यको रूपलाई के भनिन्छ ? A. अलङ्कार। B. छन्द। C. कथा। D. निबन्ध।	
viii	चरणको अन्तिम वर्ण आवश्यकताअनुसार .... हुनसक्छ । A. लघु B. लघु-गुरु दुवै C. ह्रस्व D. गुरु	
ix	चारै चरणमा आठ-आठ अक्षर अनि सबै चरणमा पाँचौँ लघु छैटौँ गुरु भए कुन छन्द हुन्छ ? A. तोटक छन्द। B. शिखरिणी छन्द। C. अनुष्टुप छन्द। D. मात्रिक छन्द।	
x	ऽ ऽ ऽ भए .... गण हुन्छ । A. भ। B. स। C. म। D. य।	
xi	“धन नै सबमा अति उच्च गनी सब थोक यहाँ मन तुच्छ भनी धनमै सब बुद्धि विवेक गयो यस कारण मानिस दुष्ट भयो ।। ” (झगड़ा – हरिप्रसाद रिजाल) उक्त पंक्ति कुन छन्दमा रचिएको छ ? A. तोटक। B. शिखरिणी। C. अनुष्टुप। D. उपमा।	
xii	शिखरिणी छन्दमा कति अक्षरको एक चरण हुन्छ ? A. बाह्र। B. सत्र। C. उन्नाइस। D. आठ।	

2	निम्नलिखित काव्यांश राम्ररी पढ्नुहोस् अनि सोधिएका वहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस्।	8x1=8
	भारी बोकेर जाड़ाको टाढ़ाको बटुवा-सरी। हिम-दन्तुर हेमन्त आयो मैलो-पना धरी॥ मैलो दुर्गुणको थैलो त्यो हेमन्त भयङ्कर। देखेर डरले भागी शरद् बाला दिगन्तर॥ हेमन्त डाकिनी-तुल्य लोक ठाड़ै कठ्याउँछ। झल्कने हिम-दाह्राले जो जो पायो अँठ्याउँछ। घसी भस्म तुषाराको कुइराको लटा धरी। धुम्मिये को छ हेमन्त अवधूतै-बराबरी॥ अँठ्याउने हिमै चिम्टा मौकामा छन्छनाउँछ। जहाँ पनी धुवाँधार धुनी घोर जगाउँछ। परालको नलै मैला उसको छ बगम्बर। माला कटकटाऽऽकार दन्तको फेर्छ सुन्दर॥ गेरु-रङ्गी फलाऽऽनम्र सुन्तला कीपका रुख। फुसा हेमन्त बाबाका चेला झैं छन् ति सम्मुख॥ नयनाऽऽनन्दका साथै रसनाऽऽनन्द-दायक। फल अर्को कुनै छैन सुन्तला-तुल्य लायक॥ सुन्तला छन् फिलिङ्गा के फुस्स हुस्सू धुवाँ-सरी। विना आगो पनी फल्क्यो धुनीको दिव्य माधुरी॥ कुइरो बढ़दै आयो शान्ति-शोभा सबै हरी। जीवका मनमा मानू भोगको तिर्सना-सरी॥ बिहानी-पखको राती शीतको कुइरा-सित। अनौठाको मित्यारी छ रुने हाँस्ने क्रमै-सित॥ छुट्टयाई औलको सीमा काँठो लागी वरी-परी। पहिले कुइरो बस्छ तन्केको पगरी-सरी॥ त्यो देखी उसको मित्र शीत वैरिन थाल्दछ। तत्कालै कुइरो सोझै फाँटमा फाल हाल्दछ।	

i	उक्त काव्यांश कुन खण्डकाव्यबाट उद्धृत गरिएको हो ? A. ऋतुसंहार। B. ऋतुविचार। C. ऋतुराग। D. ऋतुवर्णन।	
ii	यस खण्डकाव्यका रचयिता को हुन् ? A. आदिकवि भानुभक्त आचार्य। B. महाकवि लक्ष्मीप्रसाद देवकोटा। C. नाट्यसम्राट बालकृष्ण सम। D. कविशिरोमणि लेखनाथ पौड्याल।	
iii	सुन्तलालाई कविले किन 'रसनाऽऽनन्द' फल भनेका हुन्? A. चिसो भएकाले। B. अमिलो भएकाले। C. गुलियो भएकाले। D. रसिलो भएकाले।	
iv	कविले हेमन्त ऋतुलाई केसँग तुलना गरेका छन् ? A. सुखीसँग B. सूर्यसँग C. डाकिनीसँग D. सज्जनसँग	
v	कविले केलाई कुइराको मित्र भनेका छन् ? A. शीत B. रुवा C. पगरी D. काँठो	
vi	"बिहानी-पखको राती शीतको कुइरा-सित। अनौठाको मित्यारी छ रुने हाँस्ने क्रमै-सित।।" कविले यस पद्यांशबाट के भन्न खोजेका हुन ? A. बिहानीपखमा कुइरो र शीत दुवै हुन्छ। B. बिहानीपखमा कुइरो र शीत दुवै हुँदैन। C. बिहानीपखमा कुइरो र घाम दुवै हुन्छ। D. बिहानीपखमा घाम र शीत दुवै हुन्छ।	
vii	कविले किन हेमन्तलाई "मैलो दुर्गुणको थैलो" भनेका हुन् ? A. दुर्गुणी मानिसहरू बढ़ेकाले। B. तुषारो र कुइरोले नढाकेर जाड़ो बढ़ेकाले। C. तुषारो र कुइरोले नढाकेर गर्मी बढ़ेकाले। D. तुषारो र कुइरोले ढाकेर जाड़ो भएकाले।	

viii	“पहिले कुइरो बस्छ तन्केको पगरी-सरी ॥” यस वाक्यमा प्रयोग गरिएको ‘पगरी’-शब्दको अर्थ के हो ? A. साड़ी। B. टोपी। C. पटुका। D. फेटा।	
	भाग – दुई **वर्णनात्मक प्रश्नहरू**	
3	**निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस्।**	2x5=10
i	“म एकलो फिट्टो, ऊ पनि एकली, उसको पनि मर्‍यो, मेरो पनि मर्‍यो,बालबच्चा छैन दुवैको अन्त हामीलाई घरजम गर्दा केले थुन्छ?” - उक्त वाक्यमा ‘उसको पनि मर्‍यो, मेरो पनि मर्‍यो’ भन्नाले कस-कसको को-को मरेको कुरा गरिएको छ ?	
ii	धने कसको लोग्ने हो? उ मेकी कमानमा के काम गर्थ्यो?	
iii	जुनेली रेखा उपन्यासमा को हट्टाबाहर भएको थियो? किन?	
iv	जूनलाई ढाक्ने कालो मेघ हटेको दृष्यले मालिनीलाई के प्रेरणा दियो?	
v	जसे हट्टाबाहार भएपछि के-के गरेर पेट पालो गर्‍यो?	
4	**निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।**	2x3=6
i	लेखनाथ पौड्यालको ‘पिंजराको सुगा’ कविताको विशेषता के छ?	
ii	‘इस्सोर’ शीर्षक भएको कविता कसले कति वर्षको उमेरमा रचेका थिए?	
iii	‘पारिजात’-को न्वारनको नाम के हो? उनको जन्म भारतको कुन ठाउँमा भएको हो?	
	निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।	
5	‘मलाई एउटा कुराको तपाईंले मद्दत गर्नुपर्‍यो, आफ्नो व्यथालाई जाहेर नगरीकन बोकिरहनु झन् व्यथालाई गह्रौं गर्नु देखैं, कसैलाई पनि नभनिकन आफ्नो भलाद्मीपनलाई तपाईंले रक्षा गर्नुहोला भन्ने म चाहन्छु।’ उक्त गद्यांशमा कसले कोसँग मद्दत माग्दै गरेको अवस्था छ?	2
6	उज्यालीलाई केको मद्दत चाहिएको थियो?	2
7	विमलको भित्री रूप कस्तो थियो?	2
8	रानुको बाहिरी रूप र भित्री रूपमा के फरक छ? **अथवा** “परार्थद्वारा स्वार्थ पटाउनु उत्तम” भनेको के हो?	3
9	‘त्यो फेरि फर्कला?’ कथाकी पात्रा सानीले दीर्घकालसम्म यात्रीको प्रतीक्षा गरेर बस्नु कतिसम्म ठीक थियो? आफ्नो विचार लेख्नुहोस्।	3
	निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।	
10	सयपत्री फूल र नेपाली जातिमा के समानता छ?	2
11	कुन पर्वमा नेपाली जातिले सयपत्री फूलको प्रयोग अधिक मात्रामा गर्छन्?	2
12	लक्ष्मीप्रसाद देवकोटाले ‘हाइ हाइ अंग्रेजी’ निबन्धमा नेपाली जगतमा नवयुग ल्याउन के-के सुधार गर्नुपर्छ भनेका छन्?	4

	निम्न प्रश्नहरूका सङ्क्षेपमा उत्तर लेख्नुहोस्।	
13	'बन्दिनी' एकाङ्की नाटकले के सन्देश दिन चाहेको छ?	2
14	साधारण अर्थमा नाटक भनेको के हो?	3
15	"नाटकको सफलता- असफलताको लेखाजोखा नाटक मञ्चनपछि मात्र हुन्छ।"-यस कथनबाट रामकृष्ण शर्माले के स्पष्ट पार्न खोजेका हुन्?	3
16	**निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।**	
i	नेपाली भाषालाई कुन-कुन नामले जानिन्छ?	2
ii	एक समयमा नेपाली भाषालाई किन खस भाषा भनिन्थ्यो?	2
iii	'तीन घुम्ती र शिरीषको फूल' उपन्यास कस-कसले लेखेका हुन्?	2
17	तल दिइएको **कुनै एक** विषयमा लगभग १५० शब्दहरूको निबन्ध लेख्नुहोस्। • विज्ञानको चमत्कार। • भारत: अनेकतामा एकताको प्रतीक। • जैविक खेती उत्तम, पेशा।	5
18	चलभाष (मोबाइल फोन)-को सदुपयोग गर्ने उपदेश दिँदै दिल्लीमा बसेर पढ्ने भाइलाई पत्र लेख्नुहोस्। **अथवा** आफ्नो जमीनमा भएको सखुवाको रूख काट्ने अनुमति माग्दै, क्षेत्रीय अधिकारी, वन-जंगल विभागलाई एउटा निवेदन पत्र लेख्नुहोस्।	5